
का.जि.प्र.का.द.नं. १००/०५९/६०
२८ माघ २०७९,
शनिबार
11 February 2023,
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

इपेपर हेर्नु

वर्ष २१, अंक १७ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



# एक्लिए प्रचण्ड



"राष्ट्रपति चुनावका बारेमा छलफल गर्नुपर्ने कुरै के छ र ? सबै पहिले नै तय भइसकेको कुरामा छलफल आवश्यक भएन नि !

■ **राजेन्द्र लिङ्देन**
**अध्यक्ष, राप्रपा**

**शिवराज परियार/मध्यान्ह**
जुम्ला, २७ माघ ।

शुक्रबार सत्ता साझेदार दलहरुको प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बैठक बस्यो । तर, प्रमुख सत्ता साझेदार दल नेकपा एमाले अध्यक्ष केपी ओली नेतृत्वमा रहेको उच्चस्तरीय राजनीतिक संयन्त्रको बैठकमा संयन्त्रका संयोजक ओली, प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) अध्यक्ष राजेन्द्र लिङ्देन र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछाने सहभागी भए । अर्थात, शुक्रबारको बैठकमा चार दलको मात्रै उपस्थिति थियो । सत्ता साझेदार दलभित्रै तीन मधेस केन्द्रित दल जनता समाजवादी पार्टी (जसपा), जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीका नेताहरु उच्चस्तरीय राजनीतिक संयन्त्रको बैठकमै गएनन् ।

नेताहरुका अनुसार संयन्त्रको बैठकमा प्रचण्ड एक्लै परे । सत्ता साझेदार ७ दलमध्ये ३ जनाले उपस्थित भएर र ३ जनाले अनुपस्थित भएर प्रचण्डलाई एक्लै पारेका हुन् ।

राप्रपा अध्यक्षसमेत रहेका उपप्रधान तथा ऊर्जामन्त्री राजेन्द्र लिङ्देन बैठकमा सरकारका अहिलेसम्मका कामका बारेमा समीक्षा भएको बताउँछन् । 'अहिलेसम्म सरकारले गरेका कामका बारेमा समीक्षा भयो । अब कसरी अगाडि बढ्ने भन्नेमा पनि छलफल भयो' उनले भनेका छन् ।

राष्ट्रपति निर्वाचनका बारेमा पनि केही छलफल भयो भन्ने पत्रकारहरुको प्रश्नमा अध्यक्ष लिङ्देनले भने, 'राष्ट्रपति चुनावका बारेमा छलफल गर्नुपर्ने कुरै के छ र ? सबै पहिले नै तय भइसकेको कुरामा छलफल आवश्यक भएन नि ।'

प्रचण्डलाई प्रधानमन्त्री बनाउँदा राष्ट्रपति एमालेले पाउने सहमति भएको बताइन्छ । तर, माओवादी केन्द्रले राष्ट्रपतिमा राष्ट्रिय सहमति खोज्नुपर्ने बताउँदै आएको छ । एमालेले पूर्वसहमतिअनुसार आफूले नै राष्ट्रपति पद पाउनुपर्ने बताउँदै आएको छ ।

अर्थात, संयन्त्रको बैठकमा प्रधानमन्त्री प्रचण्डले प्रतिकूलताको सामना गर्नुपर्‍यो । केही दिनअघि मात्रै सरकारबाट बाहिरिएको रास्वपा संयन्त्रको बैठकमा गएको थियो । सुरुमा रास्वपाले लिएको गृह मन्त्रालय नागरिकता विवादका कारण गुमेपछि पनि रास्वपाले – बाँकी पृष्ठ २ मा

सरकार सञ्चालनका लागि प्रमुख सत्तासाझेदार दल नेकपा एमालेका अध्यक्ष केपी ओली नेतृत्वको उच्चस्तरीय राजनीतिक संयन्त्रमा प्रचण्ड एक्लिएका छन् । सत्ता साझेदार ७ दलमध्ये ३ जनाले उपस्थित भएर र ३ जनाले अनुपस्थित भएर प्रचण्डलाई एक्लै पारेका हुन् ।



*शुक्रबार प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बसेको प्रमुख सत्ता साझेदार दल नेकपा एमालेका अध्यक्ष केपी ओली नेतृत्वको उच्चस्तरीय राजनीतिक संयन्त्रको बैठक ।*
***-तस्बिर : प्रधानमन्त्रीको सचिवालय***

वर्षेनि खर्च कटौतीको प्रस्ताव

# कार्यान्वयनमा चुनौती

पछिल्ला वर्षहरुमा मुलुकको कुल वार्षिक बजेटको आधाभन्दा बढी रकम प्रशासनिक खर्च, तलबभत्ता, मर्मत सम्भार लगायतका काममा खर्च हुँदै आएको छ ।



**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २७ माघ ।

कोरोनाको प्रभाव र अर्थतन्त्रमा अपेक्षित सुधार आउन नसकेपछि सरकारले यो वर्षपनि खर्च कटौतीको प्रस्ताव अघि सारेको छ । अघिल्ला सरकारले जस्तै फजुल खर्चमा मितव्ययिता अपनाउने निर्णय गरेपनि कार्यान्वयन भने निकै चुनौतीपूर्ण हुने देखिएको हो ।

कोभिड-१९ शुरु भएपछि २०७७ चैत १९ गते अर्थ मन्त्रालयले फजुल खर्च रोक्न सवारीसाधन र फर्निचर खरिद, तालिम गोष्ठी सहितका विविध १४ शीर्षकका खर्च रोक्ने निर्णय गरेको थियो । तर, उक्त निर्णय अर्को आर्थिक वर्ष शुरु नहुँदै पुनः निरन्तरता पाएको थियो ।

हाल पनि सरकारले संघीय सरकार मातहतका सबै मन्त्रालय तथा निकायहरुको विनियोजित बजेटको चालुतर्फ कम्तीमा २० प्रतिशत खर्च कटौती गर्न निर्देशन दिएको छ । जसमा बजेट विनियोजन र खर्चमा मितव्ययिता, अनावश्यक संगठन संरचना निर्माण र पदपूर्तिमा बन्देज र अनावश्यक फर्निचर खरिद गर्न नपाइने आदि रहेका छन् । यस्तै, सामान खरिद गर्दा स्वदेशी नै प्रयोग गर्नुपर्ने, परामर्शदाता नियुक्तिमा कडाइ, छपाइ तथा सूचना प्रकाशन, सेवा र परामर्श, सूचना प्रणाली तथा सफ्टवेयर र विभिन्न गोष्ठी देखि सरकारी खर्चमा विदेशी भ्रमण समेत रहेका छन् । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २१(१) मा भएको व्यवस्था बमोजिम खर्च कटौतीको नीति लिइएको सरकारको भनाइ छ ।

त्यसो त, बढ्दो चालु खर्च नियन्त्रणका लागि केपी ओली नेतृत्वको सरकारले केही वर्ष अघि अर्थशास्त्री डिल्लीराज खनालको संयोजकत्वमा समिति बनाएर प्रतिवेदन समेत बुझेको थियो । प्रतिवेदनले संघीयता अनुसार कानून, संस्थागत तथा संगठनात्मक संरचना निर्माण गरी खर्च घटाउनुपर्ने, व्यक्ति र संस्थालाई दिइने अनुदानका लागि ऐन निर्माण गरी सोहीमार्फत तोकिनुपर्ने, निजामति, प्रहरी, सेना, शिक्षक सबैलाई योगदानमा आधारित निवृत्तिभरण (पेन्सन) लागू गर्नुपर्ने, सामाजिक सुरक्षालाई एकीकृत तरिकाले सञ्चालन गर्नुपर्ने, लाभान्वित समूहको पहिचानका आधारमा सामाजिक सुरक्षा भत्ता लागू गर्नुपर्ने, अनुदान र आर्थिक सहायता वस्तुनिष्ठ पार्नुपर्ने, अनावश्यक संस्था खोल्न रोक्नुपर्ने लगायतका धेरै प्रकार सुझाव पनि दिएको थियो । तर, उक्त सुझावको कार्यान्वयन भने कुनै सरकारले गर्न सकेका छैनन् ।

पछिल्ला वर्षहरूमा मुलुकको कुल वार्षिक बजेटको आधाभन्दा बढी रकम प्रशासनिक खर्च, तलबभत्ता, मर्मत सम्भार लगायतका काममा खर्च हुँदै आएको छ । महालेखा नियन्त्रक कार्यालयका अनुसार, आर्थिक वर्ष २०७८/०७९ मा सरकारले रु.१० खर्ब आठ अर्ब राजस्व उठाएपनि नौ खर्ब ५४ अर्ब साधारण प्रकृतिका चालु खर्चमै सकिएको छ । तर, विकास निर्माणको काम तथा ऋणको साँवा-ब्याज भुक्तानीका लागि भने सरकारले ऋण लिनुपर्ने अवस्था छ । कुल खर्च रकमको ७२.८६ प्रतिशत चालु खर्च, १६.५ प्रतिशत विकास लक्षित पुँजीगत खर्च र १०.६ प्रतिशत ऋणको साँवा ब्याज भुक्तानीमा जाने वित्तीय व्यवस्था अन्तर्गतको खर्च रहेको महालेखाको प्रतिवेदनले देखाउँछ । तरपनि हरेक सरकारले भने कार्यान्वयन नहुने खर्च कटौतीको प्रस्ताव अघि सार्न छाडेका छैनन् । पुष्पकमल दाहालको नेतृत्वमा सरकार गठन भएपछि पनि सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्न सवारीसाधन खरिद लगायत कार्यालय सञ्चालन खर्च घटाउने, नयाँ सार्वजनिक निकाय नखोल्ने लगायतका धेरै निर्णय भने भएका छैनन् । तर, वनेका नीति नियमलाई कार्यान्वयनमा ल्याउन नसक्दा हरेक सरकार असफल बन्दै गएको टिप्पणी पनि भइरहेका छन् ।

वैदेशिक रोजगार विशेष

# रोजगारीको नयाँ अवसर खोजी गर्न आवश्यक : राष्ट्रपति भण्डारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ माघ ।

राष्ट्रपति विद्यादेवी भण्डारीले बढ्दो वैदेशिक रोजगारको श्रृङ्खला रोक्न देशभित्रै रोजगारीको व्यवस्था मिलाउन सार्वजनिक र निजी क्षेत्रले सहकार्य गर्नुपर्नेमा जोड दिएकी छिन् । संघीय संसदको संयुक्त बैठकलाई शुक्रबार सम्बोधन गर्दै राष्ट्रपति भण्डारीले प्रत्येक वर्ष श्रम बजारमा प्रवेश गर्ने जनशक्तिलाई देशभित्रै रोजगारीको व्यवस्था मिलाउन सार्वजनिक र निजी क्षेत्रले सहकार्य गर्नु आवश्यक रहेको बताइन् । नेपालले दक्ष जनशक्तिको उत्पादन गर्ने तर स्वदेशमा नै रोजगार दिन नसक्ने अवस्था रहेसम्म मुलुकको विकास हुन नसक्ने राष्ट्रपति भण्डारीको भनाइ थियो । 'दक्ष जनशक्ति उत्पादन गर्न लगानी हामीले व्यहोर्नुपर्ने र सोको लाभ अन्य मुलुकले प्राप्त गर्ने स्थितिको अन्त्य गर्न आर्थिक, सामाजिक र पूर्वाधारका क्षेत्रमा लगानी बढाउनुपर्ने आवश्यकता एकातिर छ भने दक्ष जनशक्ति उत्पादनकै लागि पनि लगानी बढाउनुपर्दछ' राष्ट्रपति भण्डारीले भनिन् ।

देशको वर्तमान युवापंक्तिले नयाँ कुरा गर्न र सिक्न चाहने तर परम्परागत श्रमका क्षेत्रले मात्रै श्रम बजारमा आउने जनशक्तिको अपेक्षा पूरा गर्न नसक्ने भन्दै राष्ट्रपति भण्डारीले रोजगारीका नयाँ अवसरको खोजी गर्ने र बजारको मागअनुरूपको जनशक्ति उत्पादन गर्न सक्षम हुने गरी शैक्षिक प्रणालीमा सुधार गर्ने तथा सीप परीक्षण कार्यलाई एकीकृत ढंगबाट अघि बढाउनुपर्ने बाध्यता रहेको बताइन् ।

सरकारले केन्द्रदेखि स्थानीय तहसम्म रोजगारी सिर्जनाका विभिन्न कार्यक्रम सार्वजनिक गरेको छ । तर राष्ट्रपति भण्डारीले रोजगारीका कार्यक्रमलाई एकीकृत नगरेसम्म र श्रमको सम्मान गर्ने संस्कृतिको विकास नभएसम्म त्यसले परिणाम दिन नसक्ने बताइन् । 'रोजगारीका लागि भिन्न-भिन्न स्वरूप र विधिमा भिन्न सरकारी निकायबाट सञ्चालित कार्यक्रमहरूलाई एकीकृत गरिहाल्नुपर्ने देख्दछु,' सम्बोधनका क्रममा राष्ट्रपति भण्डारीले भनिन् । यसैगरी श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्न र श्रमको उचित – बाँकी पृष्ठ २ मा

## कामदार छनोटका लागि पटक-पटक विज्ञापन गर्न नपर्ने

**काठमाडौं/मस–** वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारमा कामदार छनोट गर्दा राष्ट्रिय दैनिक पत्रिकामा पटक-पटक विज्ञापन गर्नुपर्ने बाध्यता हटाएको छ । विभागले शुक्रबार नेपाल वैदेशिक रोजगार व्यवसायी संघलाई पत्र लेख्दै कामदार छनोटका लागि राष्ट्रिय दैनिक पत्रिकामा छाप्ने विज्ञापनको बारेमा विभागले गरेको निर्णयबारे जानकारी दिएको छ ।

विभागले वैदेशिक रोजगार ऐनको दफा १६ को उपदफा १ अनुसार कामदार छनोटको लागि नेपाली भाषाको राष्ट्रिय दैनिक पत्रिकामा ७ दिनको समय दिएर सूचना प्रकाशित गरेपछि हालको व्यवस्था अनुसार ३ महिनापछि राष्ट्रिय दैनिक पत्रिकाको सट्टामा विभागको स्वीकृति लिई म्यानपावर कम्पनीको वेभसाईटमा प्रकाशित गरेर विभागलाई प्रतिवेदन दिनुपर्ने बताएको छ ।

संघका महासचिव मेघनाथ भुर्तेलले संघको नवनिर्वाचित कार्यसमितिले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र वैदेशिक रोजगार विभागमा गरेको अथक प्रयासबाट वैदेशिक रोजगार व्यवसायीहरुलाई कार्यसम्पादनमा परेको कठिनाई तथा झन्झटिलो प्रक्रिया हटाएको जानकारी दिएको हो ।

यसअघि मध्यान्ह दैनिकसँगको एक अन्तरवार्तामा संघका निवर्तमान संयोजक विमल ढकालले पटक-पटक विज्ञापन गर्नुपर्ने बाध्यात्मक व्यवस्था हटाउने विषयमा सैद्धान्तिक सहमति भएको बताएका थिए । फ्रि भिसा फ्रि टिकटमा कामदार पठाउनुपर्ने बाध्यतामा रहेका – बाँकी पृष्ठ २ मा

जुम्लामा खेतीयोग्य जमिन

# कतै बाँझो, कतै घरैघर

कृषि विकास कार्यक्रम प्रगति तथा तथ्याङ्क किताबमा उल्लेख भए अनुसार जुम्लाको ९ लाख हेक्टर क्षेत्रफल जमिन अहिले बाँझो रहेको छ ।



**सरिता पराजुली/मध्यान्ह**
जुम्ला, २७ माघ ।

हिमाली जिल्ला जुम्लामा अधिकांश खेतीयोग्य जमिन हरेक वर्ष बाँझो जमिनमा परिणत हुन थालेको छ । कृषि क्षेत्रमा ठोस नीति र खेती प्रणालीमा आधुनिकीकरण हुन नसक्दा जिल्लाका धेरै खेतीयोग्य जमिन बाँझो जमिनमा परिणत हुन थालेको हो । बाली लगाउने समयमा पानी नपर्ने, खडेरी सुख्खा मौसम र दैवी प्रकोप लगायतका समस्याले गर्दा उत्पादनमा ह्रास आउने भएपछि जुम्लाको खेतीयोग्य जमिन बाझिन थालेको किसानहरु बताउँछन् । जुम्ला हिमाली जिल्ला भएकाले यहाँ केही स्थानमा १२ महिनामा एउटा बाली मात्र उत्पादन हुन्छ । त्यसैले जुम्लाका पछिल्ला युवा पुस्ताले खेतीप्रणालीमा खासै चासो दिने गरेको पाइदैन ।

पछिल्लो समयमा जुम्लाको रैथने बाली चिनो, कागुनो, फापर, कोदो, मकै, जौ,गहत, भटमास लगायतका अन्न बाली लोप हुने अवस्थामा छन् । तर यति हुँदा हुँदै पनि जुम्लाका अधिकांश मानिसहरुको मुख्य पेशा नै खेती हो । – बाँकी पृष्ठ २ मा



### सभामुखको भूमिकामाथि नेमकिपाको प्रश्न

# विपक्षी दलको नेताबारे किन निर्णय नदिएको ?

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २७ माघ ।

सभामुख देवराज घिमिरेमाथि नेपाल मजदुर किसान पार्टी (नेमकिपा)ले गम्भीर प्रश्न उठाएको छ । यसको कारण हो- विपक्षी दलको नेताबारे निर्णय नदिनु । नेमकिपाका सांसद प्रेम सुवालले गत माघ ७ गते प्रतिनिधिसभाको बैठकमा रोस्ट्रमबाटै विपक्षी दलको नेतामा दाबी प्रस्तुत गर्दै सभामुखलाई निवेदन दिएका थिए । कानुनतः आफू नै विपक्षी दलको नेता भएको तर संसद सचिवालयले यस विषयमा आफ्नो दाबीलाई बेवास्ता गरेको सुवालको गुनासो छ । यस विषयमा सुवालले सार्वजनिक रुपमै प्रश्न उठाएका हुन् । बिहीबार र शुक्रबार बसेको प्रतिनिधिसभा नियमावली मस्यौदा समितिको बैठकमा नेमकिपाका सांसद प्रेम सुवालले प्रश्न गरे, 'सभामुख निर्णय नदिइ बस्न मिल्छ ?'

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई विश्वासको मत दिएको कांग्रेस प्रतिपक्षीमा बसिरहेको छ ।

संघीय संसदका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधासम्बन्धी ऐन २०७३ मा मन्त्रिपरिषद् गठन गर्न सहयोग गर्ने दलबाहेक सबभन्दा बढी सांसद भएको दल भनेकाले कांग्रेस संसदीय दलका नेता शेरबहादुर देउवा नै प्रतिपक्षी दलको नेता भएको बताउँछन् प्रमुख सचेतक रमेश लेखक । उनका अनुसार १० पुसमा पुष्पकमल दाहाल प्रचण्डले राष्ट्रपतिसमक्ष प्रधानमन्त्रीमा दाबी पेश गर्दा समर्थन गर्ने दलमात्र सत्तारुढ दल हुन् । सरकारको कुनै प्रस्ताव (विश्वासको मत लिने) लाई समर्थन गर्दैमा सत्तापक्ष नहुने उनको तर्क छ ।




*देवराज घिमिरे, सभामुख र प्रेम सुवाल सांसद नेमकिपा*

तर कांग्रेसले विश्वासको मत दिएको दिनदेखि नेमकिपाले विपक्षी दल आफू भएको दाबी गर्दै आएको छ ।

सरकारलाई विश्वासको मत दिनासाथ कांग्रेस सत्तापक्ष भएको भन्दै नेमकिपाका सांसद प्रेम सुवालले आफ्नो दललाई प्रमुख विपक्षी दल तोक्न माग गर्दै आएका छन् । उनी भन्छन्, 'ऐन अनुसार सरकारलाई समर्थन नगर्ने दलहरुमध्ये सबैभन्दा ठूलो दल नेपाल मजदुर किसान पार्टी हो । सभामुखले नेपाल मजदुर किसान पार्टीलाई प्रमुख विपक्षी दल तोकिदिनुपर्छ ।'

संघीय संसदका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधासम्बन्धी ऐन २०७३ मा विपक्षी दलको नेताबारे ऐनमा भनिएको छ, 'मन्त्रिपरिषद गठन गर्ने वा मन्त्रिपरिषद गठन गर्न समर्थन गर्ने दलबाहेक प्रतिनिधिसभा वा राष्ट्रिय सभामा दश प्रतिशत वा सोभन्दा बढी सदस्य भएको दलहरुमध्ये सबैभन्दा बढी सदस्य भएको दल ।'

१० प्रतिशत सदस्य भएको दल नभएमा सभामुखले मन्त्रिपरिषद गठनमा समर्थन नगर्ने दलमध्ये कुनै दललाई प्रमुख विपक्षी दल तोक्नेछन् । विपक्षी दलबारे ऐनको दफा १(४) मा भनिएको छ, 'मन्त्रिपरिषद गठन गर्ने वा मन्त्रिपरिषद गठन गर्न समर्थन गर्ने दलबाहेकका प्रतिनिधिसभा वा राष्ट्रिय सभामा दश प्रतिशत वा सो भन्दा बढी सदस्यहरु भएको दल नभएमा प्रतिनिधिसभा वा राष्ट्रिय सभाको लागि सभामुख वा अध्यक्षले तोकिदिएको दल ।'

२६ पुसमा नेमकिपा र राष्ट्रिय जनमोर्चाले मात्र प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिएका थिएनन् । दुवै दल प्रतिनिधिसभामा १/१ सांसद छन् । तर ४ मंसिरको चुनावमा पाएको मतको आधारमा राजमोभन्दा नेमकिपा ठूलो छ । समानुपातिकतर्फ नेमकिपाले ७५ हजार १६८ मत र राष्ट्रिय जनमोर्चाले ४६ हजार ५०४ मत पाएको छ ।

त्यसैले नेमकिपालाई विपक्षी दलको मान्यता दिनुपर्ने नेमकिपाको माग छ । तर, विपक्षी दल को भन्ने कांग्रेस र नेमकिपाको दाबीमा सभामुख देवराज घिमिरे बोलेका छैनन् । संसद सचिवालयले पनि केही भनेको छैन । नेमकिपाले लिखित निवेदन नै दिँदा पनि सभामुख र संसद सचिवालय मौन छ ।

यो विषय र प्रश्न सर्वोच्च अदालतमा पनि बिचाराधीन छ । गत २५ माघमा सर्वोच्च अदालतले प्रमुख प्रतिपक्षी दलको विवादमा दुवै पक्षलाई छलफलमा बोलाएको छ । त्यस्तै यो विवादमा सभामुख, संघीय संसद सचिवालय, नेपाली कांग्रेसको संसदीय दल, नेता शेरबहादुर देउवा र संवैधानिक परिषदलाई लिखित जवाफ पेश गर्न आदेश दिएको छ ।

अधिवक्ता विमल पोखरेलले प्रधानमन्त्रीलाई विश्वासको मत दिएको दल प्रमुख प्रतिपक्षी हुन नसक्ने दावीसहित सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरेका थिए । सो रिटमा सुनुवाई गर्दै न्यायाधीश सुष्मालता माथेमाको इजलासले रिट निवेदनमा कारण देखाउ आदेश र अन्तरिम आदेशका लागि छलफलमा बोलाउने आदेश गरेको हो । सभामुख र संसद सचिवालय पनि सर्वोच्च अदालतले निर्णय दिने भनी पन्छिरहेका छन् । सोही अनिर्णयलाई लिएर सभामुखमाथि नेमकिपाले प्रश्न उठाएको हो ।

# महाप्रबन्धक ठाकुर निलम्बित



**काठमाडौं/मस-** त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक प्रेमनाथ ठाकुर निलम्बनमा परेका छन् । घुस बार्गेनिङ गरेको पाइएपछि महाप्रबन्धक प्रेम ठाकुरलाई निलम्बन गरिएको हो । पर्यटन मन्त्रालयका अनुसार थाई स्माइलको ग्राउन्ड ह्यान्डलिङलाई कायमै राख्न घुस मागेको प्रमाण भेटिएपछि संस्कृति पर्यटन तथा नागरिक उड्ययन मन्त्रालयले ठाकुरलाई निलम्बित गरेको हो ।

यस विषयमा थप अनुसन्धान गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा समेत पठाइने मन्त्रालयले जनाएको छ। ठाकुर पछिल्लो दुई वर्षयता विमानस्थलको प्रमुख पदमा कार्यरत थिए ।

# कृष्णनगर स्वास्थ्य चौकी भवन निर्माणमा गुणस्तरहीन सामग्री

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, २७ माघ

कपिलवस्तुको कृष्णनगर नगरपालिकाको वडा नम्बर १ मा रहेको बढया स्वास्थ्य चौकी भवन निर्माणमा गुणस्तरहीन सामग्री प्रयोग भएको पाइएको छ । काजी एण्ड ब्रदर्स प्रालि कलंकी काठमाडौंले निर्माण गरिहेको भवनमा गुणस्तरहीन सामग्रीको प्रयोग भएको पाइएको हो । नगरपालिकाका प्राविधिक र काजी एण्ड ब्रदर्स प्रालिको मिलोमातोमा अनियमितता गरी गुणस्तरहीन निर्माण कार्य भइरहेको स्थानीयले बताएका छन् । उक्त भवन कृष्णनगर नगरपालिकाको ९२ लाख १७ हजार ७ सय ४७ रुपयाँको लागतमा निर्माण भइरहेको छ ।



बढया स्वास्थ्य चौकी भवन निर्माण गर्नाको लागि तैयार गरिएको नक्सालाई बेवास्ता गरी नक्सा विपरीत नगरपालिकाका इन्जिनीयर प्रदीप कुमार चौधरी र असिस्टेण्ट सब-इन्जिनीयर रमेश ओलीले आफ्नै उपस्थितिमा पहिलो चरणको फुटिङ्ग फाउन्डेशन ढलान गराएका छन् ।

बलुवा, सिमेन्ट तथा गिट्टीले बनाएको मसलाबाट फुटिङ्ग फाउन्डेशन ढलान गरि सके पछि उक्त ढलानको गुणस्तर जाँच गर्न अनिवार्य रुपमा बनाउनुपर्ने क्युबसमेत नबनाएको र ओभर साइजको गिट्टी प्रयोग गरेको असिस्टेण्ट सब-इन्जिनीयर ओली र निर्माण कम्पनीका इन्जिनियर आकाश शर्माले बताएका छन् । नक्सामा फुटिङ्ग फाउन्डेशनको नाप ६×६ रहेको छ । तर अधिकांश फुटिङ्ग फाउन्डेशन ५×५को ढलान गरेको पाइएको छ ।

फुटिङ्ग फाउन्डेशनको साइज, ढलान गर्दा गिट्टी ओभर साइज प्रयोग, गुणस्तर जाँचको लागि बनाउनु पर्ने क्युबको बारे प्रश्न गर्दा निर्माण कम्पनीका इन्जिनीयर आकाश शर्माले नगरपालिकाको इन्जिनियर प्रदीप कुमार चौधरी तथा असिस्टेंट सब-इन्जिनीयर ओलीको उपस्थितिमा ढलान गरिएको बताए ।

कृष्णनगर नगरपालिका मातहत निर्माण हुने अधिकांश भवनहरु गुणस्तरहीन भेटिएका छन् । शिवराज अस्पतालको भवन निर्माण ढलान गरेको दुई महिनामै पानी चुहिन लागेको छ । कृष्णानगर-११ बेदमऊ स्वास्थ्य चौकीको भवन निर्माणमा गुणस्तरहीन सामग्री प्रयोग, कृष्णानगर-५ मा पुरुषोत्तमपुरदेखि गुलरीसम्मा सड़क कालोपत्रे एक महिनामै उप्किएको छ ।

बगही पुलिस चौकी नजिक पुल निर्माणमा गुणस्तरहीन सामग्री प्रयोग, वडा नं.८ वडा कार्यलय भवन निर्माण गर्दा ढलान तथा झ्याल ढोकामा गुणस्तरहीन सामग्री प्रयोग भएका छन् । यसरी दर्जनौं निर्माणहरु गुणस्तरहीन भेटिएका छन् । यसबारे आम जनगुनासो रहेपनि सुधारप्रति चासो नदेखाउँदा निर्माण कम्पनी तथा नगरपालिकाका इन्जिनीयरहरुको मिलोमातोमा गुणस्तरहीन निर्माण भइरहेको त हैन प्रश्न गम्भीर रुपमा उठेको छ ।

### एक्लिए....

यही मन्त्रालयमा दाबी प्रस्तुत गर्दै आएको छ। पुनः रास्वपालाई सरकारमा ल्याउने विषयमा पनि संयन्त्रमा छलफल भएको छ ।

बैठकमा एमाले अध्यक्ष शर्मा ओली र राप्रपा अध्यक्ष लिङदेनले पूर्वसहमति कार्यान्वयन गर्दै रास्वपालाई गृह दिनुपर्ने धारणा राखेका थिए । रास्वपा सभापति लामिछानेले पूर्वसहमतिअनुसार गृह मन्त्रालय पाएको खण्डमा सरकारमा फर्किनसक्ने पहिल्यै बताइसकेका छन् । अर्थात, प्रचण्ड तीन पार्टीको चेपुवामा परे । तथापि, संयन्त्रको बैठक बिना निष्कर्ष सकिएको छ ।

### रोजगारीको...

प्रतिफल उपलब्ध गराउन सरोकारवाला निकायहरूबीच समन्वय र सहकार्य आवश्यक रहेको उनको भनाइ थियो ।

'देशमा काम गरेर केही हुँदैन भन्ने धारणामा पूर्ण परिवर्तन ल्याउन ढिला गर्नुहुँदैन, निराश जनशक्तिबाट कुनै पनि मुलुक उँभो लागेको उदाहरण भेटिँदैन,' उनले भनिन् । युवा तथा शिक्षित बेरोजगारहरूमा चरम निराशाको अवस्था देखिएको भन्दै राष्ट्रपति भण्डारीले त्यसलाई तोड्न सरकारले तत्काल ध्यान केन्द्रित गर्नुपर्ने उल्लेख गरिन् ।

### कामदार...

व्यवसायीलाई एउटै विज्ञापन पटक-पटक प्रकाशित गर्नुपर्दा आर्थिक रूपमा खर्चिलो र व्यवहारिक रूपमा झन्झटिलो भएको त्यसलाई परिवर्तन गर्नुपर्ने माग लामो समयदेखि संघ तथा संघलाई छाता संस्था मान्ने वैदेशिक रोजगार क्षेत्रमा रहेका अन्य संघसंस्थाहरूको पनि माग रहेको थियो ।

### जुम्लामा...

खेतीबाट बचेको समयमा यहाँका बहुसंख्यक किसानले जडिबुढी संकलन, नोकरी, व्यापार र अन्य व्यवसाय समेत गरेको पाईन्छ । तर पनि जुम्ली किसानहरुको आर्थिक अवस्थामा सुधार नभएपछि युवा जनशक्ति विदेश पलायन हुने क्रम बढेको छ । बालबालिका र वृद्धवृद्धा मात्रै गाउँ समाजमा रहने भएकाले खेतीगर्न सक्ने अवस्था छैन । यसकारण पनि जुम्लामा खेतीयोग्य जमिन बाँझिन थालेको हो । विदेश नगएका युवा पनि शिक्षा आर्जन गर्ने निहूँमा सहर केन्द्रीत हुने भएपछि बाँझो जमिन बढ्दै गएको चन्दननाथ नगरपालिका वडा नम्बर १० का बिर्खबहादुर महत बताउँछन् ।

बाहिरबाट आयतित खाद्यन्नका कारण पनि जुम्लाका युवाहरुको सोंच कृषितिर जान छाडेको उनको भनाइ छ । युवाहरुमा खेतीपाती गर्न लाज मान्ने प्रवृत्ति पनि बढ्दै गएको महत बताउँछन् । जुम्लामा लेकाली क्षेत्रमा अझ बढी जमिन बाँझो हुने क्रम बढ्दै गएको उनको भनाइ छ । यहाँको लेकाली क्षेत्रमा गहुँ, जौ,फापर र आलु केराउ लगायतका अन्नबाली राम्रो उत्पादन हुन्छ । तर अहिले ती जमीनहरु पनि बाझिदै गएको छ उनले भने ।

जिल्लाको तातोपानी गाउँपालिका-६ का रामप्रसाद पराजुलीले पनि रोजगारी, नोकरी र शिक्षाको शिलशिलामा जुम्लाका युवा जनशक्ति जिल्ला बाहिर जाने प्रवृत्तिले यहाँका खेतीयोग्य जमिन बाझिदै गएको बताए । उनले भने- 'मैलेखेती गर्दै आएको जमिन पनि अहिले बाझिदै गएको छ । बुढेसकालमा आफूले खेती गर्न सक्ने अवस्था कम हुँदै गयो । छोराछोरीले खेतीपातीमा खासै चासो दिदैनन् । अनि खेतीयोग्य जमिन बाँझिदै गएको छ । जुम्लामा उत्पादन भएको खाद्यान्नले ६ महिना पनि राम्रोसँग नपुग्ने स्थानीय छिता शाहीले बताइन् । धेरै परिश्रम गरेर बाली लगाए पनि भित्र्याउने समयममा कहिले दैवी प्रकोप, बाढीपहिरो त कहिले रोग-किरा र कहिले खडेरीले सबै नस्ट हुने समस्या भएकाले पनि खेतीयोग्य जमीन बाँझिदै गएको उनको भनाइ छ । उनका अनुसार अब स्थानीय तहले कृषि क्षेत्रलाई पहिलो प्राथामिकतामा राखेर खाद्य उत्पादन बृद्धि गर्ने लगायतका कृषि लक्षित नीति ल्याउन आवश्यक छ ।

#### ९ लाख हेक्टर क्षेत्रफल जमिन बाँझो

कृषि विकास कार्यालय जुम्लाको तथ्यांक अनुसार जिल्लाको कुल भूभागमध्ये वनक्षेत्रले १ लाख ४ हजार ५७० हेक्टर क्षेत्रफल, कृषि क्षेत्रले ३ लाख ८ हजार ४ सय ८६ हेक्टर क्षेत्रफल, चरण क्षेत्रले ६६ हजार २१० हेक्टर क्षेत्रफल, ताल खोला चट्टानले ५६ हजार ७ सय १९ हेक्टर क्षेत्रफल र अन्यले ९ हजार ३९० हेक्टर क्षेत्रफल जमिन ओगटेको छ । कृषि विकास कार्यक्रम प्रगति तथा तथ्याङ्क किताबमा उल्लेख भए अनुसार यहाँको ९ लाख हेक्टर क्षेत्रफल जमिन अहिले बाँझो रहेको कृषि विकास कार्यालय जुक्लाका कार्यालय प्रमुख गणेश अधिकारीले मध्यान्हलाई बताए ।

#### खेतीयोग्य जमिनमा घरैघर

जुम्लामा कर्णाली राजमार्गको ट्र्याक खुलेसँगै खेतीयोग्य जमिन मासेर धमाधम घर तथा भवन बनाउन थालेका छन् । राजमार्ग खुलेसँगै शहरीकरणको नाममा खेतीयोग्य जमिनमा धमाधम घर बनाउन थालिएका हुन् । पहिले डाडाँपाखामा र भिरालो जमिनमा घर बनाउने गरेकोमा अहिले खेतियोग्य जमिन मासेर घर बनाउने गरेका छन् । २०६४ सालमा जुम्ला राष्ट्रिय राजमार्गमा जोडिएपछि विभिन्न व्यवसाय सञ्चालन गर्ने र घर भाडामा दिने उद्देश्यले खेतियोग्य जमिनमा घर बनाउनेको संङख्या बढ्दै गएको छ। चन्दननाथ नगरपालिका वडा नम्बर २ की कृष्णमाया कुमाईलाई खेतीयोग्य जमिन मासिन थालेपछि चिन्ता लाग्न थालेको छ। जुम्ला सदरमुकाम लगायका जिल्लाका विभिन्न ठाउँमा सहरीकरण गर्ने उद्देश्यले मार्सीधान खेती गर्ने जमिनमा अहिले ठूल्ठूला घर निर्माण गरिएको छ । राजमार्ग खुलेपछि आफूले पाँच मुरीभन्दा बढी धान फल्ने खेत बेचेको चन्दननाथ नगरपालिका ६ की लक्ष्मी थापाले बताएकी छन् । उनका अनुसार खेतीयोग्य जमिन मासिन थालेपछि रैथाने अन्न बाली बचाउन कठिन भएको उनले बताइन । मध्यान्हसँग कुराकानी गदै थापाले खेतीयोग्य जमिनमा अहिले बसपार्क, ग्यारेज, ट्रायल सेन्टर बनेको बताइन ।

UAE मा रोजगार | १. कम्पनी : AL MAYA SUPERMARKET L L C
शहर : DUBAI
पूर्व स्वीकृत मितिः २०७८/०८/२३ चलानी नं.: ६०१७००१० LT. No.: 253391 पुनःविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Watehouse Helpers | 11 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २८,६८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Sales Advisor | 0 | 23 | | 2000 | ७१,७२० | | | | | | | |
| 3. | Data Entry Operator | 2 | 0 | | 1300 | ४६,६१८ | | | | | | | |
| 4. | Cashier | 0 | 25 | | 1200 | ४३,०३२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन ६ गते (18 February 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

SGMC Gov. Lic No. 1219/074/075
SHERMAN GLOBAL MANAGEMENT CONSULTANTS PVT. LTD.
(साविक सुर्खेत ओभरसिज प्रा.लि)
Sinamangal-9, Kathmandu | Tel: 4573705, 4594457 | Email: info@shermanconsultants.com/ hr@shermanconsultants.com

साउदीमा रोजगार | कम्पनी: EWAN HUMAN RESOURCES COMPANY
शहर: Saudi Arabia
पूर्व स्वीकृत मितिः २०७९/१०/२७ चलानी नं.: ६०१९६३९२ L.T. No.: 280925

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and building cleaning labour | 25 | 0 | स. काममा दक्ष | 1000 | ३५,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन ६ गते (18 February 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/- |
बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।
Gov. Lic No. 817/066/067
S. P. M. OVERSEAS PVT. LTD.
Bhimsengola, Old Baneshwor-9 Kathmandu, Nepal, Tel: 4587837,4589795
Mob.: 9840998620/9810003423/9842151398
Email: spmoverseas@gmail.com, Web.: www.spmoverseas.com

साउदीमा रोजगार | कम्पनी: MSAA ALKHAMEES TRADING EST
शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०७९/१०/२७ चलानी नं.: ६०१९६३६१ LT. No.: 280916

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker Loading And Unloading | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन ६ गते (18 February 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |
बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।
Al Sasha Overseas Pvt. Ltd. Gov. Lic No. 1488/074/075
Pingalasthan, Gaushala, Kathmandu, Tel: 01-4592240, 4592241

यूएईमा रोजगार | कम्पनी: URBAN PANTHER GENERAL SECURITY GUARDS SERVICES
शहर: DUBAI
पूर्व स्वीकृत मितिः २०७९/१०/२७ चलानी नं.: ६०१९६४०५ LT. No.: 280834

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 40 | 0 | स. काममा दक्ष | 1250 | ४४,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन ६ गते (18 February 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले ब्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |
बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।
J.S.N. International Pvt. Ltd.
श्रम इजाजत नं. १२१४/०७३/०७४
P.Box No.: 9883, Samakhusi, Ranibari, Kathmandu, Tel : 01- 4359573, 01- 4364548
E-mail-jsninternational1@gmail.com, Web.: jsninternational.com.np

साउदीमा वैदेशिक रोजगार अवसर
१. कम्पनी : RAED AL NAHDA COMPANY TO SERVE DRINKS शहर : Riyadh
पूर्व स्वीकृत मितिः २०७९/१०/२७ चलानी नं.: ६०१९६३५१ LT. No.: 280469

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food And Beverage Counter Worker | 1 | 0 | स. काममा दक्ष | 1200 | ४२,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन ६ गते (18 February 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले ब्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |
बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।
Al Taaz International Pvt. Ltd.
Gov. Lic. No. 1251/074/075
G.P.O Box No: 179, Basundhara, Kathmandu, Tel : 5905101, 5905102,
Mob.: 9803215045, 9801147203, 9851061402, 9815898777, 9854026594, 9801608479, 9801132810
Fax No: 4350995, E-mail: altaaznepal@gmail.com, Web.: www.altaazintl.com.np

# अटोको मनपरी भाडादर, ठगिँदै यात्रु

विनोद अधिकारी/मध्यान्ह
चितवन, २७ माघ



भरतपुर १८ भिमनगर घर भइ हाल चौबिसकोटी बस्दै आएका कैलाश रानाभाट चौबिसकोटीदेखि बसेनी आफ्नो अफिस जान र आउनको लागि भन्दै दैनिक १ सय ५० रुपैयाँ अटो भाडाको लागि छुट्याउने गर्छन् ।

'आफु दैनिक ओहोर-दोहोर गर्दा भाडा पनि तलमाथी भइरहेको छ' रानाभाटले भने । कोठाबाट अफिससम्म कहिले ५० कहिले ६० त कहिले ९० रुपैयाँ सम्म तिर्न पर्ने रानाभाटको बाध्यता छ ।

'अटोमा नजाम म्याजिक कुरौ भने समयमा अफिस पुगिँदैन जाम भने अटोवालासँग दिनहुँ जसो भाडाको विषयमा विवाद गर्नुपर्छ' रानाभाटले भने ।

त्यस्तै भोजाड बस्ने रविन कार्की भोजाड देखि भरतपुर आँखा अस्पतालसम्म अटोमा १ सय २० रुपैयाँ तिरेर आए । हप्तादिन अघि मात्र परीक्षण गर्न आउँदा कार्कीले ७५ रुपैयाँ मात्र तिरेका थिए ।

अटोवालालाई यो भाडा त अलि महंगो भएन र भनेर प्रश्न गऱ्यो भने तेलको मूल्य बढेर कहाँ पुगिसक्यो । यति भाडा त लागि हाल्छ नि ? भन्ने जवाफ पाएको भन्दै कार्कीले दुःखेसो गरे । 'यसरी सबै अटो र चालकहरुले मनपरि ढंगबाट भाडा लिने हो भने यात्रु ठगिनु बाहेक अरु विकल्प छैन, यो मनपरि र दादागिरी कहिले सम्म हो ?' कार्की प्रश्न गर्छन् ।

सिनर्जी चोकमा पसल गर्दै आएका एक व्यवसायीले पसलमा चाहिने सामग्री प्रायः अटोबाटै ढुवानी गर्छन् । केही दिन अघिसम्म बालकुमारी क्याम्पस छेउको सब्जी मण्डिबाट २ सयमा तरकारी ल्याएपनि यसपटक ३ सय तिर्न परेको बताउँछन् । 'भाडादर महानगर, ट्राफिक कार्यालय र यातायात कार्यालयले तोकेको छ कि नाइ आफुखुसी अटोवालाले ठग्छन्' व्यवसायी दुखेसो गर्छन् ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय चितवनका प्रमुख निरीक्षक धर्म बहादुर अधिकारीले मनलाग्दी भाडा लिने अटोलाई कारबाही गर्ने बताउँछन् । यात्रुले आफू ठगिएको भनि प्रमाण ल्याउन सकेमा प्रचलित सवारी ऐन अनुसार कारबाही गर्ने अधिकारीले बताए ।

प्रमुख जिल्ला अधिकारीको अध्यक्षता यातायात कार्यालय, महानगर, अटो व्यवसायी र ट्राफिक प्रहरी कार्यलय बसेर भाडा समायोजन गर्नु आजको आवश्यकता भएको अधिकारीले भने । 'मैले यस विषयमा महानगर र सिडिओ साबलाइ ज्ञापनपत्र बुझाइसकेको छु, हामी छिट्टै निर्णय गर्नेछौँ' अधिकारीले मध्यान्हसँगको कुराकानीमा भने ।

'ट्राफिक कार्यालयमा कसैले प्रमाणसहित उजुरी हालेमा पीडितले न्याय पाउन्छ' अधिकारी भन्छन् । ट्राफिक कार्यालयमा दिनहुँ जसो उजुरी आएता पनि प्रमाण नभएको कारण कारबाही गर्न नसकिने अधिकारीले बताए ।

# चोभार सुक्खा बन्दरगाहको आन्तरिक टर्मिनल सञ्चालनको तयारी



काठमाडौं/मस- काठमाडौंको चोभार सुक्खा बन्दरगाहमा रहेको आन्तरिक टर्मिनल केही दिनभित्रमा सञ्चालनमा आउने भएको छ ।

नेपाल इन्टरमोडल यातायात विकास समितिअन्तर्गत सुक्खा बन्दरगाहभित्र रहेको एउटा टर्मिनल गएको वर्षको चैत २२ गतेदेखि नै सञ्चालनमा आएको भए पनि आन्तरिक टर्मिनल सञ्चालनमा आएको थिएन । आन्तरिक टर्मिनल सञ्चालनका लागि तयारी अवस्थामा रहेकाले सम्बन्धित सरोकारवाला निकायमा पत्राचार गरी एक/दुई दिनभित्रै टर्मिनल सञ्चालन सुरु हुने समितिका कार्यकारी निर्देशक आशिष गजुरेलले बताए ।

व्यापार सहजीकरणका लागि निर्माण भएको उक्त सुक्खा बन्दरगाहमा रहेको आन्तरिक टर्मिनलमा एक सय ५० ट्रक पार्किङ क्षमता, गोदाम घर, नापतौल, लोड/अनलोड सेड, चालक तथा कामदारका लागि शौचालय आदिको व्यवस्था रहेको छ । टर्मिनल प्रयोगका लागि प्रवेश शुल्क निःशुल्क गर्नुको साथै सकेसम्म न्यूनतम शुल्कमा गाडीको पार्किङ, मालसामानको लोडिङ/अनलोडिङलगायत सुविधा उपलब्ध हुने भएकाले टर्मिनल सञ्चालनमा आएपछि अहिले उपत्यकामा भइरहेको अव्यवस्थित मालवाहक सवारी पार्किङबाट हुने दुर्घटनालगायत जोखिम कम हुने समितिका कार्यकारी निर्देशक गजुरेलले बताए ।

यसैगरी आयातकर्ता/निर्यातकर्तालाई सडक किनारामा सवारी साधन रोकी मालसामान पल्टी गर्नुपर्ने, चर्को मूल्यमा गोदाम शुल्क तिर्नुपर्ने अवस्थाको अन्त्य भई सहजरूपमा पार्किङको सुविधा उपलब्ध हुने भएको हुँदा मालसामान आयातकर्ता एवं निर्यातकर्तालाई चोभार सुक्खा बन्दरगाह प्रयोग गरी लाभ लिनका लागि नेपाल इन्टरमोडल यातायात विकास समितिले अनुरोध गरेको छ ।

विश्व बैंकको ऋण सहयोगमा निर्माण भएको उक्त चोभार सुक्खा बन्दरगाहको कूल लागत रु एक अर्ब ५४ करोड छ । करिब दुई सय ६० रोपनी क्षेत्रफलमा फैलिएको बन्दरगाहमा भन्सार, क्वारेन्टिन, बैंकलगायत निकायको उपस्थिति रहेको छ ।

बन्दरगाहमा लोड-अनलोड भवन तीन, गोदाम घर तीन, प्रशासनिक भवन तीन, एप्राइजल सेड तीन, धर्मकाँटा तीन, कन्टेनर यार्ड, विद्युत् सबस्टेसन, बाउन्ड्री लाइट, अन्य सवारी पार्किङलगायतका संरचना रहेका छन् । बन्दरगाहको कन्टेनर ञ्याडमा पाँच सय कन्टेनर र पाँच सय ट्रक राख्न मिल्ने ६५ हजार वर्गमिटर पार्किङ क्षेत्र रहेको छ ।

बन्दरगाह सञ्चालनमा आएसँगै अब नेपालको अन्तर्राष्ट्रिय व्यापार सहजीकरणमा योगदान मिल्ने समितिले जनाएको छ । चोभारमा सुक्खा बन्दरगाह तथा अन्तर्राष्ट्रियस्तरको प्रदर्शनीस्थल बनाउने प्रक्रिया करिब एक दशकअघि नै सुरु भएको थियो । नेपाल र विश्व बैंकबीच विसं २०७० जेठमा (जुन २०१३) चोभारमा सुक्खा बन्दरगाह निर्माणका लागि वित्तीय सम्झौता भएको थियो । त्यसपछि आव २०७०/०७१ को बजेटले चोभारमा सुक्खा बन्दरगाह निर्माणका लागि आवश्यक जमिनको व्यवस्था गर्न बजेट छुट्याउने घोषणा गरेको थियो । त्यसको करिब पाँच वर्षपछि साउन विसं २०७५ मा नेपाल इन्टरमोडल यातायात विकास समिति र ठेकेदार कम्पनी सांसी-आशिष जेभीबीच १८ महिनाभित्र काठमाडौं सुक्खा बन्दरगाह निर्माण सम्पन्न गर्ने सम्झौता भएको थियो ।

चोभारमा निर्माण भएको यस बन्दरगाहको शिलान्यास विसं २०७५ माघ ३ गते भएको थियो । स्थानीय अवरोध, कोभिडको प्रभावलगायत कारणले बन्दरगाह निर्माणमा ढिलाइ भएको इन्टरमोडलले जनाएको छ । तेस्रोपटकको म्याद थपपछि गएको असारमा बन्दरगाहको निर्माण कार्य सम्पन्न भएको बताइएको छ ।

# लागुपदार्थ सेवन गरेर सवारी चलाउने ३ जना पक्राउ



काठमाडौं/मस-लागुपदार्थ सेवन गरेर सवारी चलाउने तीन जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा बा १८ च ८४३७ नम्बरको पिकअपका चालक गणेश कार्की, बा १६ प ४४९१ नम्बरको मोटरसाइकल चालक अंकित भट्टराई र बागमती प्रदेश-०२-०३१ प ४८८ नम्बरको मोटरसाइकल चालक सुमन रावत रहेका छन् ।

उनीहरुलाई काठमाडौंको बुढानिलकण्ठ क्षेत्रमाबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ । शुक्रबार २० ओटा सवारी साधन चेकजाँच गरिएकोमा उनीहरुले लागुपदार्थ सेवन गरी सवारी साधन चलाएको पाइएपछि पक्राउ गरिएको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्र प्रसाद भट्टले जानकारी दिए ।

उनका अनुसार नेपाल प्रहरी अस्पतालको प्राविधिक सहयोगमा काठमाडौं ट्राफिक प्रहरी कार्यालय, लागुऔषध नियन्त्रण ब्यूरो र प्रहरी प्रभाग बुढानिलकण्ठको संयुक्त टोलील गरेको चेकिङको क्रममा उनीहरु पक्राउ परेका हुन् । लागुपदार्थ सेवन र प्रयोगका कारण सवारी दुर्घटना हुने भएकाले चेकजाचमा कडाई गरिएको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले जनाएको छ ।

उनीहरुलाई आवश्यक कारबाही तथा थप अनुसन्धानका लागि प्रहरी वृत्त महाराजगञ्ज पठाइएको प्रवक्ता भट्टले जानकारी दिए । मानब स्वास्थ्यमा नकरात्मक असर पार्ने कुनै पनि लागुपदार्थ सेवन गरेर सवारी नचलाउन चालकलाई उनले आग्रह गरेका छन् ।

# न्यायिक समितिलाई सक्रिय बनाउन सुझाव



शिवजी मण्डेल/मध्यान्ह
बझाङ, २७ माघ

बझाङ जिल्ला न्यायाधीश नन्दकिशोर प्रसाद यादवले थलारा गाउँपालिका न्यायिक समितिको निरीक्षण गरेका छन् । स्थानीय सरकार सञ्चालन ऐन अनुसार थलारा गाउँपालिका न्यायिक समिति सञ्चालन भइरहेको छ कि छैन भन्ने उदेश्यका साथ न्यायाधीश यादवले निरीक्षक गरेका हुन् ।

निरीक्षणका क्रममा क्रममा न्यायाधीश यादवले थलारा गाउँपालिका न्यायिक समितिको मुद्दा विवरण रजिष्टार, मुद्दा दर्ता पुस्तिका लगायत मेलमिलाप केन्द्र लगायतको निरीक्षण गरेका हुन् । थलारा गाउँपालिका न्यायिक समिति संयोजक तथा उपाध्यक्ष रामबहादुर खातीले निरीक्षणमा आएका जिल्ला न्यायाधीश यादवलाई आफू निर्वाचित भएपछि अहिलेसम्म न्यायिक समितिका विभिन्न प्रकृतिका ६ वटा मुद्दा दर्ता भएको विवरण प्रस्तुत गरेका थिए ।

थलारा गाउँपालिका न्यायिक समितिको विवरण निरीक्षण गर्दै न्यायाधीश यादवले गाउँपालिका स्तरीय न्यायिक समितिमा धेरै अधिकार रहेपनि त्यो प्रभावकारी नभएको भन्दै तत्काल न्यायिक समिति सक्रिय हुनुपर्ने सुझाव दिएका थिए ।

थलारा गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत सिद्धराज पण्डितसहितको उपस्थिति रहेको निरीक्षण कार्यक्रममा न्यायाधीश यादवले नेपालको संविधान २०७२ ले न्यायपालिका, कार्यपालिका र व्यवस्थापिका सहितको अधिकार स्थानीय तहलाई दिएकोले गाउँपालिका स्तरीय न्यायिकसमिति सक्रिय हुनुपर्ने धारणा व्यक्त गरेका थिए ।

स्थानीय सरकार सञ्चालन ऐनको दफा ४६ को उपदफा १० र २ मा स्थानीय न्यायिक समितिका काम कर्तव्य र अधिकार तोकिएको छ ।

# सुशासनका लागि सूचनाको हक अभियान सञ्चालन गरिने



काठमाडौं/मस-सूचनाको हकका लागि राष्ट्रिय महासंघ जिल्ला कार्यसमिति काठमाडौंले सुशासनका लागि सूचनाको हक अभियान सञ्चालन गर्ने भएको छ ।

महासंघ जिल्ला कार्यसमिति काठमाडौंले शुक्रबार आयोजना गरेको अन्तरक्रियात्मक प्रशिक्षण कार्यक्रममा जिल्लाका ११ वटै स्थानीय तहका वडा कार्यालयमा सूचना अधिकारीको व्यवस्था गराउने, नागरिक बडापत्र राख्न लगाउने र वडा कार्यालयसम्म गएर सूचना माग्न नागरि कस्तरमा जागरणमूलक कार्यक्रम सञ्चालन गर्ने जानकारी गराइएको हो ।

सूचनाको हक कार्यान्वयनका लागि आयोग र स्थानीय सरकारलाई पनि सहयोग गर्ने गरी महासंघ जिल्ला कार्य समिति काठमाडौंले अभियान चलाउन लागेको हो ।

कार्यक्रममा आयोगका आयुक्त रत्नप्रसाद मैनालीले पारदर्शिताका लागि काम गर्न सूचनाको हकको क्षेत्र खाली रहेको उल्लेख गर्दै व्यक्तिगत र सार्वजनिक सरोकारका विषयमा सूचना माग गरेर नागरिकले काम गर्न सक्ने बताए ।

नेपालमा तीन करोड जनसंख्या भए पनि वार्षिकरूपमा आयोगसम्म एक हजारदेखि एक हजार ५०० सम्म मात्र पुनरावेदन आउने गरेको उनले जानकारी गराए । सार्वजनिक सरोकारका विषयमा चियापसल, चोक, चौतारामा टीकाटिप्पणी गर्ने तर सूचना माग गर्न नजाने प्रवृत्तिमा सुधार ल्याउन अभियानकर्मी लागिपर्नुपर्ने आयुक्त मैनालीको भनाइ थियो ।

विभिन्न समयमा गठन भएका जाँचबुझ आयोगले दिएका प्रतिवेदन सार्वजनिक गर्न आयोगले सरकारलाई निर्देश दिएको छ । सूचनाको हकको कानूनले मात्र नागरिकलाई सार्वजनिक निकायसँग प्रश्न गर्ने अधिकार दिएको छ । महासंघ काठमाडौं उपत्यका प्रदेश अध्यक्ष ताराबहादुर भण्डारीले सूचनाको हकका क्षेत्रमा काठमाडौंमा थिति बसाल्न सके यसको सन्देश देशभर जाने बताउनुभयो । कार्यक्रममा जिल्ला कार्यसमिति काठमाडौंका पदाधिकारी र सदस्य, ११ वटै स्थानीय तहका संयोजकको सहभागिता रहेको थियो ।

# जोखिमपूर्ण बसाइ



**कैलाली/रासस**-कैलालीको टीकापुर बहुमुखी क्याम्पससँग तीन सय ८० बिघा जग्गा छ । वि.सं. २०५८ मा स्थापना गरिएको क्याम्पसलाई तत्कालीन टीकापुर नगर विकास समितिले उक्त जग्गा उपलब्ध गराएको थियो । उपलब्ध गराएको जग्गामध्ये क्याम्पसले ८० बिघा जग्गा मात्रै प्रयोग गर्न पाएको छ भने बाँकी जग्गा वर्षौंदेखि अतिक्रमणमा छ ।

अतिक्रमणमा परेको जग्गा त्यतिबेला जंगल नै थियो । अहिले पनि सालका र असनाका रुख त्यो क्षेत्रमा छन् । त्यहाँ भएका रुखमध्ये अधिकांश सुकेका छन् । कैयौं रुख सुकेर त्यहीँ ढलेका छन् भने कैयौं त्यस्ता रुख रातारात त्यहाँबाट गायब हुने पनि गरेका छन् । क्याम्पसको जग्गा अतिक्रमण गरेर सयौं घर निर्माण भएका छन् । रुखका फेदमा निर्माण भएका घर निकै असुरक्षित छन् ।

'गर्मीयाममा हाम्रो जनजीवन निकै त्रासमा हुन्छ, सुकेका रुखका फेदमा टिनका छाप्रामा कतिबेला के हुन्छ थाहै हुँदैन', स्थानीयवासी रणबहादुर विकले भने, 'बर्सेनि सुकेका रुख हावाहुरीसँगै खस्दा ज्यान गुमाउनु परेको छ, कैयौं विस्थापित हुनुपरेको छ ।' उनले सरकारलाई सुरक्षित स्थानमा स्थानान्तरणका लागि पटकपटक हारगुहार गर्दा पनि सुनुवाइ नभएको बताए । सुकेका रुखलाई समयमा व्यवस्थापन गर्न सके आफूहरु सुरक्षित हुने उनी बताउँछन् ।

सोही शिविरमा बस्दै आएका वीरबहादुर चौधरीले ज्यान हत्केलामा राखेर दिन बिताउनु परेको बताए । उनले बर्सातको समयमा हुने किरा फट्याङ्गाको जोखिम, हिउँदमा शीतलहरको जोखिम, गर्मी मौसममा हावाहुरीको जोखिम शिविरका नागरिकका लागि सधैं महँगो पर्दै गएको बताए ।

'यो ठाउँ छाडेर अन्त कतै जानलाई जाने ठाउँ छैन, यतै बस्दा ज्यान सुरक्षित छैन, राज्य हाम्रा कुरा सुन्दैन', वीरबहादुर भन्छन् । क्याम्पसले सङ्कलन गरेकै काठ बिक्रीका लागि अनुमति नपाएपछि काठ संकलनको कामलाई छाडेको छ । केही वर्षपहिले संकलन गरेको करिब दुई हजार पाँच सय क्युफिट काठ बिक्रीका लागि अनुमति नपाएपछि बिग्रन थालेको छ ।

'संकलन भएको काठ बिक्रीका लागि वन मन्त्रालयसँग पटकपटक अख्तियारी माग्दा पनि अख्तियारी दिएको छैन, काठ बिग्रँदै गएको छ', क्याम्पसप्रमुख केशरबहादुर कुँवरले भने, 'बिक्री गर्न नपाएपछि सङ्कलन मात्रै गरेर के गर्ने भनेर सकंलन गर्न पनि छाडेका हौं, अख्तियारी नदिएर सालको काठ बिक्री गर्न पाइँदैन ।'

उनका अनुसार सुकेर ढलेका रुखको संरक्षण क्याम्पसले गर्न छाडेको छ । त्यस्ता रुख शिविर क्षेत्रबाट रातारात गायब हुने गरेका छन् । कति रुख कसको अधीनमा पुगे त्यसको लगत क्याम्पसले राख्न छाडेको छ । 'काठ बिक्रीका लागि समन्वय गर्दा नै थुप्रै रकम खर्च भएको छ, न त विभागले काठ बिक्रीका लागि अनुमति दिन्छ, न त स्थानीय सरकारलाई आग्रह गर्दा सुनेको छ', क्याम्पसप्रमुख कुँवर भन्छन्, 'कतैबाट सकारात्मक प्रतिक्रिया आउन छाडेपछि हामीले पनि त्यसमा चासो दिन छोडेका छौं ।'

क्याम्पसको हाताभित्र सङ्कलन भएको काठ रु. २५ लाख बराबरको छ । सुकेका रुखलाई व्यवस्थापन गरेर बिक्री गरे करोडौं आम्दानी गर्न सकिने उनी बताउँछन् । यसले एकातिर स्थानीयवासीलाई ज्यान जोगाउन गाह्रो भएको छ भने अर्कोतिर राज्यकोषमा आउने ठूलो स्रोत गुमेको छ ।

शिविरमा अन्य आधारभूत आवश्यकता पनि पुगेका छैनन् । शिक्षा, यातायात, खानेपानी, बिजुली बत्ती लगायतका आवश्यकतामा पनि शिविरका नागरिक वञ्चित हुँदै आएका छन् । टीकापुर नगरपालिकाका नगर उपप्रमुख खडकबहादुर शाहले चालू आर्थिक वर्षमा पनि शिविरमा बजेट खर्च गर्न सकिने अवस्था नरहेको बताए । उनले नगरपालिकाको १२औं अर्थात् हिउँदे नगरसभामा सरोकारवालाहरुसँग आवश्यक छलफल गरेर क्याम्पसको जग्गामा बसेका नागरिकको सहजताका लागि काम गर्ने आश्वासन दिए ।

'हामी चाहन्छौं, शिविरका नागरिकले पनि विकासको अनुभूति गर्न सकून्, सरकार भएको महसुस गर्न सकून्', नगर उपप्रमुख शाह भन्छन्, 'नगरपालिकाबाट हुने सीपमूलक तालिम तथा अन्य कुराहरुमा हामीले समन्वय गर्दै आएका छौं, तर भौतिक विकासका लागि केही अप्ठ्यारा पाटालाई समाधान गरेर अगाडि बढ्ने योजना बनाएका छौं ।' क्याम्पसको नाममा भएको जग्गामा सुकुम्वासीलाई व्यवस्थित गर्नसमेत चुनौती छ ।

# मोटरसाइकल दुर्घटनामा २ जनाको मृत्यु




**काठमाडौं/मस**-भक्तपुरमा मोटरसाइकल दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ । चाँगुनारायण नगरपालिका-६ बाखीगाउँमा ०३-०२-००९ प ५५०३ नम्बरको मोटरसाइकल दुर्घटना हुँदा चालक शंकर तामाङको मृत्यु भएको थियो ।

दुर्घटनामा घाइते भएका अर्का एक जनाको सुस्मा मेमोरियल अस्पताल साँखुमा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी परिसर भक्तपुरले जनाएको छ ।

यस्तै जोरपाटीमा बा ४ ख ८९१२ नम्बरको बसको ठक्करबाट बा ९९ प ३४८५ नम्बरको स्कुटरका चालक ओमकुमारी श्रेष्ठको मृत्यु भएको छ ।

दुर्घटनामा गम्भीर घाइते भएकी उनको भक्तपुर अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रहरी कार्यालय उदयपुर
QR कोड

सवारी साधनहरुको स्वामित्व दाबी गर्न आह्वान गरिएको सूचना

प्रकाशित मिति :- २०७९/१०/२८ गते

जिल्ला प्रहरी कार्यालय उदयपुरमा वेवारीसे अवस्थामा रही हालसम्म सवारी धनी पत्ता नलागेका सवारी साधनहरु सरकारी सम्पती तथा जिन्सी मालसामान लिलाम बिक्री सम्बन्धि कार्यविधि २०७९ को दफा २० को उपदफा (१) बमोजिम हाल सम्म स्वामित्व दावी नपरेका सवारी साधनहरु १५(पन्ध्र) दिने सार्वजनिक सुचना प्रकाशन गर्नु पर्ने व्यवस्था अनुसार यस कार्यालयको facebook page:- dpoudayapur, १ नं. प्रदेश प्रहरी कार्यालयको फेसबुक पेज :- १ नम्बर प्रदेश प्रहरी कार्यालय, बिराटनगर र माथिको QR कोडमा राखिएको हुँदा उक्त विवरण हेरी सवारी साधनहरु सम्बन्धित सवारी धनीले सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र आफ्नो सक्कलै कागज पत्र लिई यस कार्यालयमा उपस्थित भई स्वामित्व हक दाबी गर्न हुन अनुरोध गरीएको छ । अन्यथा उक्त सवारी साधनहरु कानुन बमोजिम लिलाम बिक्री भई जाने ब्यहोरा समेत सुचीत गरीन्छ ।

विचार

# धर्म, संस्कृति र संस्कार



■ अच्युतप्रसाद पौडेल 'चिन्तन'

### धर्म के हो ?

